# अन्तर्राष्ट्रिय फौजदारी अदालतसम्बन्धी सन्धिमा नेपालले सहभागिता जनाउनुपर्नेमा जोड

अन्नपूर्ण समाचारदाता

काठमाडौं, १७ असार : मानवअधिकारविरुद्धको अपराधमा सजाय दिलाउन अन्तर्राष्ट्रिय फौजदारी अदालतको सन्धिमा नेपालले पनि हस्ताक्षर गरी सहभागिता जनाउनुपर्नेमा मानवअधिकारवादी तथा कानुनविद्हरूले जोड दिएका छन्।

अन्तर्राष्ट्रिय फौजदारी अदालत गठन भई विधिवत् काम सुरु गरेको प्रथम वार्षिकोत्सवका अवसरमा इन्सेकद्वारा मंगलबार आयोजित अन्तरक्रिया कार्यक्रममा विश्वव्यापी रूपमा अपनाइएको अन्तर्राष्ट्रिय अदालतमा गैरन्यायिक हत्या, मानवअधिकारविरुद्ध तथा युद्धअपराधमा मुद्दा चलाई दोषी ठहरिएकालाई सजाय दिन सकिने व्यवस्था भएकाले सरकारले जतिसक्यो छिटो सन्धिमा हस्ताक्षर गर्न उनीहरूले माग गरेका हुन्। विश्वका ९० राष्ट्रहरूले अन्तर्राष्ट्रिय फौजदारी अदालतसम्बन्धी सन्धिमा हस्ताक्षर गरिसकेका छन्। हस्ताक्षर गर्ने राष्ट्रमा भएका मानवताविरुद्ध, युद्धअपराध र गैरन्यायिक हत्याका बारेमा छानबिन गरी मुद्दा चलाउनसक्ने प्रावधान रहेको छ।

इन्सेकका अध्यक्ष सुबोध प्याकुरेलले जनतोको अदालतका रूपमा रहेको अन्तर्राष्ट्रिय अदालतलाई सरकारले अनुमोदन गर्नैपर्ने बताउनुभयो। अठारजना न्यायाधीश रहने अदालतमा अफ्रिकाका तीन, एसियाका तीन, पूर्वीयुरोपका एक, ल्याटिन अमेरिका र अरेबियन मुलुकका चार र पश्चिमी युरोपक सात देशका प्रतिनिध रहने व्यवस्था गरिएक छ। न्यायाधीशहरूको अवधि तीन, छ र नौ व रहनेछ। दण्डबाट उन्मुक्ति पाउने कार्यलाई रोक सन्धिमा हस्ताक्षर गर्नैपर्ने आवश्यकता रहेक उल्लेख गर्दै न्यायाधीश डा. आनन्दमोहन भट्टराईले कानुनी क्षेत्रमा नयाँ आयामहरू थपि क्रम जारी रहेको अवस्थामा सरकारले य सन्धिबाट टाढा रहन मिल्दैन भन्नुभयो।

कार्यक्रममा अमेरिकाले आफ्ना नागरिकलाई उक्त अदालतको क्षेत्राधिकारबाट उन्मुक्ति दिलाउन विभिन्न मुलुकसँग गरेको सम्झौताको उनीहरूले विरोध गरेका थिए। अमेरिकाले नेपाल, भारत, श्रीलंकालगायत ४८ मुलुकसँग यस्तो सम्झौता गरिसकेको छ।

अन्नपूर्ण पोस्ट २०६०/०३/१२